(८६)

# बैठक संख्याः

स्थानः गल्छी गाउँपालिका कार्यालयको सभा हल गल्छी ६, बैरेनी ।
मितिः २०८१/१०/२२
समयः बिहानको ११:०० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडाको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी निम्नलिखित विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री केदारनाथ खतिवडा - गल्छी गाउँपालिका
२. उपाध्यक्ष श्री भाईकाजी तिवारी - गल्छी गाउँपालिका
३. सदस्य श्री यदु कुमार खतिवडा - गल्छी गाउँपालिका
४. सदस्य श्री षडानन्द खनाल - गल्छी गाउँपालिका
५. सदस्य श्री राजन भुजेल - गल्छी गाउँपालिका
६. सदस्य श्री राजु अधिकारी - गल्छी गाउँपालिका
७. सदस्य श्री सरोज लामा तामाङ - गल्छी गाउँपालिका
८. सदस्य श्री दिपक कुमार कार्की - गल्छी गाउँपालिका
९. सदस्य श्री हरि प्रसाद खतिवडा - गल्छी गाउँपालिका
१०. सदस्य श्री विशाल लुङ्गेली मगर - गल्छी गाउँपालिका
११. सदस्य श्री भेष कुमारी खनाल - गल्छी गाउँपालिका
१२. सदस्य श्री तुलसी अधिकारी - गल्छी गाउँपालिका
१३. सदस्य श्री दिलमाया तामाङ - गल्छी गाउँपालिका
१४. सदस्य श्री जानुका धिताल - गल्छी गाउँपालिका
१५. सदस्य श्री सृजना घले - गल्छी गाउँपालिका
१६. सदस्य श्री रमेश भुजेल - गल्छी गाउँपालिका
१७. सदस्य सचिव श्री नविन गङतान लामा - प्रमुख प्रशासकीय अधिकृत

अन्य आमन्त्रित

<u>बैठक संख्याः ७, मितिः २०८१ माघ २२</u>

<u>निर्णयहरु</u>

प्रस्ताव नं. १ - अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

निर्णयः अघिल्लो बैठकमा भएका विविध निर्णयहरुमाथि आवश्यक समिक्षात्मक छलफल गरियो ।

प्रस्ताव नं. २ - आ.व. २०८२/०८३ को लागि संघीय समपुरक तथा विशेष अनुदान अन्तर्गत आयोजना तथा कार्यक्रम छनोट सम्बन्धमा ।

निर्णयः उल्लेखित विषयको सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ - हिउँदे अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।

निर्णयः चालु आ.व. २०८१/०८२ को हिउँदे अधिवेशन मिति २०८१ माघ ३० गते बस्ने गरि मिति तय गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ - बैरेनी अस्पतालमा रिक्त रहेको रेडियोग्राफर पदको विज्ञापन गर्ने सम्बन्धमा ।

निर्णयः बैरेनी अस्पतालमा रिक्त रहेको रेडियोग्राफर पदको विज्ञापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ - नवनवर्मित प्रशासकिय भवनमा अस्थायी घेराबार गर्ने सम्बन्धमा ।

निर्णयः यस गाउँपालिकाको नवनिर्मित प्रशासकिय भवनको सुरक्षाका लागि घेराबार गर्नु पर्ने तर उक्त घेराबार सडकको क्षेत्राधिकारभित्र पर्ने भएकोले अस्थायी घेराबार निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ - नवनिर्मित प्रशासकिय भवनमा सुरक्षा गार्ड व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णयः गाउँपालिकाको नवनिर्मित प्रशासकिय भवनको रेखदेख एवं सुरक्षा व्यवस्थापन गर्ने प्रयोजनार्थ सेक्युरिटि कम्पनीसँग माग गरि २ जनाको संख्यामा नियुक्त गर्ने गरि विज्ञापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ - जग्गा प्राप्ति सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं ७ माथि छलफल गर्दा वडा नं. १ मा तरकारी स्टल व्यवस्थापन गर्न एवं संचालन गर्नको लागि जग्गा प्राप्ति ऐन,२०३४ बमोजिम प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ८ - स्क्याभेटर संचालन सम्बन्धमा ।

निर्णयः गाउँपालिकामा प्रयोगमा रहेको स्क्याभेटरको संचालन तथा व्यवस्थापन गर्न बनेको स्क्याभेटर संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम एकद्वार प्रणालीबाट संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ९ - व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं ९ माथि छलफल गर्दा गाउँपालिकाको सिमा क्षेत्रभित्र संचालनमा रहेका विभिन्न व्यवसायहरुको दर्ता एवं नविकरण गर्ने र करको दायरामा समेट्ने अभिप्रायले सम्पुर्ण वडाहरुमा सरोकारवालाको संलग्नतामा अभियान संचालन गर्ने निर्णय गरियो ।

# बैठक संख्या: ७, मिति: २०८१ माघ २२

## निर्णयहरु

प्रस्ताव नं. १० - इन्धन व्यवस्थापन प्रणाली लागु गर्ने सम्बन्धमा ।

निर्णयः गाउँपालिकामा प्रयोगमा रहेका सम्पुर्ण सवारी साधनको इन्धन व्यवस्थापन गर्न प्रयोगको मापदण्ड तय गरि सफ्टवेयर प्रणाली मार्फत कुपन लागु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ - रकमान्तर सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं ११ माथि छलफल गर्दा वडा नं. ४ को बजेट खर्च शीर्षक ३३५ को अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामाग्री वितरण रकम खर्च शीर्षक ३४१ बमोजिम शिक्षा सम्बन्धी विविध कार्यक्रम शीर्षकमा खर्च हुने गरि रकमान्तर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ - निर्णय संशोधन सम्बन्धमा ।

निर्णयः चालु आ.व. मा सि.नं. २८ बजेट शीर्षक ३११५१ मा वडा नं २ अन्तर्गत भुत्याहा बसेरी गोरेटो बाटो निर्माण शीर्षकमा विनियोजित रकमबाट खर्च शीर्षक संशोधन गरि बसेरी कल्लेरी सडक मर्मत शीर्षक कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १३ - लाभग्राही कायम गर्ने सम्बन्धमा ।

निर्णय- वडा नं २ निवासी पुर्ण बहादुर राईको घर पहिरोको उच्च जोखिममा परि बस्न योग्य नभएको र अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएकोले सहरी विकास तथा भवन निर्माण कार्यालय नुवाकोटको कार्यक्रममा समावेश गरि लाभग्राही कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १४ - बजेट शीर्षक संशोधन सम्बन्धमा ।

निर्णय- प्रस्ताव नं १४ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को सि.नं. २७ बजेट शीर्षक ३११५१ को बाहुन पलाङ बाझागाउँ सडक वडा नं ६ हुनुपर्नेमा भुलवश वडा नं. ५ हुन गएकोले सो बजेट शीर्षकलाई वडा नं. ६ कायम गर्ने निर्णय गरियो ।